*भूमे गाउँपालिका, रुकुम (पूर्व)*

*बैठक सं. ४/०८३-८४ मिति २०८३।०६।१३ को कार्यपालिका बैठकको प्रस्ताव तथा निर्णयहरुको संक्षिप्त व्यहोरा किताब*

कार्यपालिकाको कार्यालय
खावाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल
२०७३

निर्णय नं. १:

भूमे गाउँपालिकाका गाउँ कार्यपालिका सदस्य श्री जीत बहादुर कामीको मिति २०८३/०६/०७ गते भएको दु:खद निधनप्रति समग्र गाउँपालिका परिवार अत्यन्त मर्माहित भएको छ । यस दु:खद घडीमा दिवंङ्गत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रदाञ्जी अर्पन गर्ने र शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्न सक्ने शक्ति प्राप्त होस भनी कामना सहित हार्दिक समवेदना प्रकट गर्ने निर्णय गरियो ।

निर्णय नं. २:

गाउँ कार्यपालिकाको चालु आर्थिक वर्ष २०८३/०८४ को बैंठक संख्या ३ को निर्णय कार्यान्वयनको समीक्षा गर्दा अधिकांश निर्णयहरु कार्यान्वयन भएको र आगामी निर्णयहरु समेत शीघ्र कार्यान्वयन गर्नुपर्ने निष्कर्ष निकालियो ।

निर्णय नं. ३:

गाउँ कार्यपालिकाको कार्यालय अन्तर्गतका विषयगत शाखा / इकाई / वडा कार्यालय र स्वास्थ्य संस्थाहरुले अघिल्लो महिनामा सम्पादन भए/गरेका कार्यहरुको समिक्षा गर्दा कार्यप्रगति र सेवा प्रवाहको अवस्था सन्तोषजनक रहेको पाइयो।

निर्णय नं. ४:

मिति २०८३/०४/१२ गते भएको आगलागी र २०८३/०४/२९ गतेदेखि २०८३/०५/०१ गतेसम्म भएको अविरल वर्षाले भूमे गाउँपालिका अन्तर्गतका विभिन्न वडाहरुमा अतुलनीय क्षति पुर्‍याएकोले आवश्यक प्रहरी सर्जमिन मुचुल्का, वडा कार्यालयको सिफारिस तथा अन्य आवश्यक कागजातका आधारमा देहाय बमोजिमका व्यक्तिलाई गाउँपालिकाको स्वीकृत मापदण्डअनुसार राहत रकम उपलब्ध गराउने निर्णय गरियो ।

| क सं | नामथर | ठेगाना | अनुमानित क्षति | राहत रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | लक्ष्मी सुनार | भूमे ३ मोराबाङ | रु.२.००.०००। | १०,५००। | |
| २. | चुनबाङखोला लघुजलविद्युत उपभोक्ता समिति | भूमे ९ | | | प्राविधि मूल्याङ्कन अनुसार ग्याविङ जाली उपलब्ध गराउने |

निर्णय नं. ५:

भूमे गाउँपालिकाको आर्थिक ऐन,२०८३ को अनुसूचि-४ र अनुसूचि-१२ संशोधनका लागि सभामा पेश गर्ने निर्णय गरियो।

निर्णय प्रमाणित गर्दछु।

निर्णय नं. ६:

गाउँपालिकाको स्वीकृत दरबन्दीअनुसार रिक्त रहेका देहायका पदमा कर्मचारी पदपूर्तिको लागि प्रदेश लोकसेवा आयोगमा माग गर्ने निर्णय गरियो ।

| क्र.सं | पद/तह | सेवा/समूह/उपसमूह | माग संख्या |
|---|---|---|---|
| १ | बरिष्ठ प्रशासन सहायक/पाँचौ | स्थानीय प्रशासन/सामान्य प्रशासन | १ (एक) |
| २ | प्रशासन सहायक/चौथो | स्थानीय प्रशासन/सामान्य प्रशासन | १ (एक) |

निर्णय नं. ७:

भूमे गाउँपालिका र मातहतका कार्यालय तथा निकायमा करार सेवामा कार्यरत कर्मचारीहरूको करार सेवा अवधि आर्थिक वर्ष २०८२/०८३ को असार मसान्तमा समाप्त भएकोले मिति २०८३/०४/२५ को निर्णयानुसार आ.व. २०८३/०८४ को **श्रावण १ गतेदेखि २०८३ पौष मसान्तसम्म (६ महिना)** का लागि म्याद थप भएकोले उक्त निर्णय आगामी गाउँ सभामा अनुमोदनको लागि पेश गर्ने निर्णय गरियो।

निर्णय नं. ८:

भूमे गाउँपालिका र मातहतका विभिन्न सामुदायिक विद्यालयहरुमा करार सेवामा कार्यरत विद्यालय सहायक, विद्यालय सहयोगी, बाल विकास सहजकर्ता र सामुदायिक सिकाइ केन्द्रमा कार्यरत परिचालिकाहरुको पारिश्रमिक निर्धारण सम्बन्धमा गाउँपालिकाको स्वीकृत बजेट, नीति तथा कार्यक्रम र प्रचलित कानुन, नेपाल सरकारबाट श्रमिकका लागि न्यूनतम पारिश्रमिक निर्धारण सम्बन्धी भएको व्यवस्था बमोजिम न्यूनतम पारिश्रमिक निर्धारण गर्ने र सामुदायिक विद्यालय तथा सामुदायिक अध्ययन केन्द्रमा कार्यरत कर्मचारीहरुको हकमा संघीय सरकारबाट तोकिएको पारिश्रमिकमा गाउँपालिकाबाट पारिश्रमिक थप गर्ने सम्बन्धी मिति २०८३ साउन २५ गते र मिति २०८३ भदौ १८ गते भएको निर्णय आगामी गाउँ सभामा अनुमोदनको लागि पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ९:

गाउँपालिका तथा नगरपालिका र वडाको संख्या तथा सिमाना हेरफेर र नगरपालिका वर्गीकरणको पुनरावलवकन सम्बन्धी २०८३ मापदण्ड बमोजिम यस गाउँपालिका अन्तर्गतका वडा नं. ३, ८ र ९ को संख्या तथा सिमाना हेरफेर सम्बन्धी देहाय बमोजिमको प्रस्ताव प्राप्त भएकोले छलफल गरी स्वीकृतिको लागि सभामा पेश गर्ने निर्णय गरियो ।

देहाय :

| क्र.सं. | हाल कायम वडा | हाल कायम रहेका साविक गाविसका वडाहरु | बनाउन आवश्यक रहेको वडा संख्या | बन्ने वडामा समेटिने साविक गाविसका वडाहरु | कै. |
|---|---|---|---|---|---|

निर्णय प्रमाणित गर्दछु।

| | | | | | |
|---|---|---|---|---|---|
| १ | वडा नं. ३ | साविक मोरावाङ गाविसका १,२,३,४,५,६,७,८ र ९ नं. वडाहरु | २ वटा वडाहरु | साविक मोरावाङ गाविस अन्तर्गतका वडा नं. १,२,३,४ र ५ समेटी नयाँ वडा कायम गर्ने | |
| | | | | साविक मोरावाङ गाविस अन्तर्गतका वडा नं. ६,७,८ र ९ समेटी नयाँ वडा कायम गर्ने । | |
| २ | वडा नं. ८ | साविक रुकुमकोट गाविसको वडा नं. ४ र महत गाविसको वडा नं. ७ र ८ | २ वटा वडाहरु | साविक रुकुमकोट गाविस को ४ नं. वडालाई नयाँ वडा कायम गरी सिस्ने गाउँपालिकामा गाभ्ने | |
| | | | | साविक महत गाविस को ७ र ८ नं. वडालाई समेटी नयाँ वडा कायम गर्ने । | |
| ३ | वडा नं. ९ | साविक चुनवाङ गाविसका १,२,३,४,५,६,७,८ र ९ नं. वडाहरु | २ वडा वडाहरु | साविक चुनवाङ गाविस अन्तर्गतका वडा नं. २,३,४,५ र ६ समेटी नयाँ वडा कायम गर्ने | |
| | | | | साविक चुनवाङ गाविस अन्तर्गतका वडा नं. ७,८,९ र १ समेटी नयाँ वडा कायम गर्ने । | |

निर्णय नं. १०:

भूमे गाउँपालिका अन्तर्गत सञ्चालित विभिन्न स्थानीय सडकहरु वर्षादको कारण अवरुद्ध भएकोले आसन्न वडा दशै तथा तिहारको अवसरमा नागरिकहरुलाई आवतजावतमा सहजता ल्याउन आवश्यक प्राविधक लागत अनुमान तयार गरी मर्मत तथा सरसफाइ गर्ने निर्णय गरियो ।

निर्णय नं. ११:

भूमे गाउँपालिका वडा नं ३ को कार्यालय भवन निर्माणका लागि चालु आर्थिक वर्षमा रु. १ करोड २५ लाख विनियोजन भएकोमा लागत अनुमानअनुसार उक्त भवन निर्माण कार्य सम्पन्न गर्न रु. १ करोड ९८ लाख ९४ हजार ९ सय ३८ रुपैयाँ ८० पैसा बजेट खर्च हुने देखिएकोले चालु आर्थिक वर्षमा विनियोजित बजेटलाई अधिकतम उपयोग गरी निर्माण कार्य सञ्चालन गर्ने र बाँकी निर्माण कार्य सम्पन्न गर्न आवश्यक पर्ने रकम आगामी आर्थिक वर्ष २०८४/०८५ मा विनियोजन गर्ने गरी उक्त आयोजनालाई बहुवर्षीय आयोजनाको रुपमा सञ्चालन गर्ने निर्णय गरियो।

निर्णय प्रमाणित गर्दछु।
हस्ताक्षर:
२०८३।०६।१३

भूमे गाउँपालिका, रुकुम (पूर्व)

बैठक सं. ४/०८३-८४ मिति २०८३।०६।१३ को कार्यपालिका बैठकको प्रस्ताव तथा निर्णयहरुको संक्षिप्त व्यहोरा किताब

निर्णय नं. १२:

भूमे गाउँपालिका वडा नं ३ को कार्यालय भवन निर्माणको खरिद गुरुयोजना स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. १३:

मिति २०८२/०४/११ गते टोखा नगरपालिकाको ९ नं. वडा कार्यालय, काठमाडौंमा दर्ता भएको (दर्ता नं.१५/०९-०१-०२१०) भएको **चौरीलेख निर्माण सेवा एण्ड सप्लायर्स प्रा.लि.** ले कम्पनी रजिष्टरको कार्यालयबाट विवरण संशोधन गरी मिति २०८३/०५/०१ गते यस कार्यालयमा कम्पनीको ठेगाना संशोधनका लागि निवेदन पेश गरेकोले कम्पनी रजिष्टार कार्यालयबाट प्राप्त भएको कम्पनीको ठेगाना संशोधनको पत्र र यस कार्यालयको मिति २०८३/०६/१२ को प्राविधिक जाँचबुझ प्रतिवेदनअनुसार उक्त "घ" वर्ग निर्माण व्यवसायलाई ठेगाना संशोधनसहित यस कार्यालयबाट इजाजत प्रमाणपत्र प्रतिलिपि उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १४:

भूमे गाउँपालिका वडा नं ९ स्थित Structure work (Gabion,drain and mesonary wall for Chunwang 5 bed hospital (Contract id) EGP/BRMO/NCB/SCH/W-18/2079-080) को निर्माण कार्यको लागि मिति २०८०/०७/२२ मा सम्झौता भई कार्यादेश दिइएकोमा निर्माण कार्य सुरु भई करिब ३७ प्रतिशत मात्र कार्य सम्पन्न भई सोही बमोजिम प्राविधिक मूल्याङ्कनअनुसार बील भुक्तानी भएको र बाँकी कार्य सम्पन्नको लागि आवश्यक बजेटको व्यवस्था हुन नसकी तोकिएको अवधिभित्र कार्य सम्पन्न नभएकोले निर्माण व्यवसायी र यस कार्यालयको आपसी समझदारीमा सार्वजनिक खरिद ऐन २०६३, को दफा ५९ को उपदफा २(ख) र नियमावली, २०६४ को नियम १२७ बमोजिम सुविस्ताको आधारमा उक्त निर्माण व्यवसायीसँग खरिद सम्झौता अन्त्य गर्ने निर्णय गरियो।

निर्णय नं. १५:

भूमे गाउँपालिका कार्यालयको सूत्र राजश्व प्रणालीमा भएको प्राविधिक त्रुतिको कारण लगती प्रकृतिमा प्रविष्ट भएको पटके प्रकृतिका राजश्व शीर्षकमा भएको बक्यौता रकम उक्त सूत्र प्रणालीबाट हटाउने निर्णय गरियो।

निर्णयमा फरक मतको अभिलेख

| प्रस्ताव नं. | फरक मत राख्ने सदस्यको नाम र पद | फरक मतको बेहोरा | कैफियत |
|---|---|---|---|
| — | — | कुनै पनि फरक मत नरहेको। | — |

निर्णय प्रमाणित गर्दछु।
हस्ताक्षर:

भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खावाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल
२०७३

बैठक संख्याः४/२०८३/०८४

मितिः २०८३/०६/१३

समयः दिउँसो १:०० बजे

स्थानः भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक कक्ष

भूमे गाउँपालिकाका अध्यक्ष श्री **होम प्रकाश श्रेष्ठ**ज्यूको अध्यक्षता र देहायका कार्यपालिका सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी पेश भएका प्रस्तावहरु उपर छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

<u>उपस्थितिः</u>

| क्र.सं. | दस्तखत | नाम थर | पद | कार्यालय |
|---|---|---|---|---|
| १. | (दस्तखत) | होम प्रकाश श्रेष्ठ | अध्यक्ष | गाउँ कार्यपालिकाको कार्यालय |
| २. | (दस्तखत) | सविना बुढा | उपाध्यक्ष | गाउँ कार्यपालिकाको कार्यालय |
| ३. | (दस्तखत) | मनकाजी पुनमगर | वडा अध्यक्ष | १ नं. वडा कार्यालय |
| ४. | | नारायण पुनमगर | वडा अध्यक्ष | २ नं. वडा कार्यालय |
| ५. | (दस्तखत) | प्रशुराम बुढा | वडा अध्यक्ष | ३ नं. वडा कार्यालय |
| ६. | (दस्तखत) | श्याम प्रसाद बुढा | वडा अध्यक्ष | ४ नं. वडा कार्यालय |
| ७. | (दस्तखत) | टेक प्रसाद बुढा | वडा अध्यक्ष | ५ नं. वडा कार्यालय |
| ८. | (दस्तखत) | विक्रम पुन मगर | वडा अध्यक्ष | ६ नं. वडा कार्यालय |
| ९. | (दस्तखत) | संगम रोका | वडा अध्यक्ष | ७ नं. वडा कार्यालय |
| १०. | | दिनेश रोका | वडा अध्यक्ष | ८ नं. वडा कार्यालय |
| ११. | (दस्तखत) | विनोद बुढा | वडा अध्यक्ष | ९ नं. वडा कार्यालय |
| १२. | (दस्तखत) | सुनकुमारी रोका | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १३. | | भिमला वि.क. | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १४. | (दस्तखत) | फोमली बुढा | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १५. | (दस्तखत) | भारती नेपाली | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १६. | (दस्तखत) | भागिलाल दमाई | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १७. | | जीत बहादुर कामी | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १८. | (दस्तखत) | खमजङ खत्री | प्रमुख प्रशासकीय अधिकृत/ सचिव | गाउँ कार्यपालिकाको कार्यालय |

<u>अन्य उपस्थिति</u>

| | | | | |
|---|---|---|---|---|
| १. | (दस्तखत) | प्रेम प्रसाद भट्टराई | क.प्रशा | भूमे गाउँपालिका |
| २. | (दस्तखत) | चेतना बुढा मगर | सि.प्र.अ. | ,, |
| ३. | (दस्तखत) | आलेप | सू.प्र.अ. | ,, |

४ (दस्तखत) (दस्तखत) मोहनथापाडाँगी प्रा.लि. अ.ने.छा.पा

भूमे गाउँपालिका, रुकुम (पूर्व)

बैठक सं. ४/०८३-८४ मिति २०८३।०६।१३ को कार्यपालिका बैठकको प्रस्ताव तथा निर्णयहरुको संक्षिप्त व्यहोरा किताब

प्रस्तावहरु:

| प्रस्ताव नं. | बैठक प्रस्तावहरु | कैफियत |
|---|---|---|
| १. | श्रदाञ्जली अर्पन सम्बनधमा । | |
| २. | निर्णय कार्यान्वयन समीक्षा सम्बन्धमा । | |
| ३. | कार्य प्रगति र सेवा प्रवाह समीक्षा सम्बन्धमा । | |
| ४. | राहत उपलब्ध गराउने सम्ब्धमा । | |
| ५. | आर्थिक ऐन संशोधन सम्बन्धमा । | |
| ६. | रिक्त दरबन्दीमा कर्मचारी पदपूर्तिको लागि प्रदेश लोकसेवा आयोगमा माग गर्ने सम्बन्धमा । | |
| ७. | करार कर्मचारीको करार अवधि म्याद थप सम्बन्धी निर्णय अनुमोदन सम्बन्धमा। | |
| ८. | करार कर्मचारी, विद्यालय कर्मचारी, बालविकास सहजकर्ता तथा विद्यालय सहयोगीहरुको पारिश्रमिक वृद्धि अनुमोदन सम्बन्धमा। | |
| ९. | गाउँपालिका र वडाको संख्या तथा सिमान हेरफेर सम्बन्धमा । | |
| १०. | सडक मर्मत तथा सरसफाइ सम्बन्धमा । | |
| ११. | वडा नं ३ को कार्यालय भवन निर्माणको लागि स्रोत सुनिश्चितता सम्बन्धमा | |
| १२. | वडा नं ३ को कार्यालय भवन निर्माणको खरिद गुरु योजना स्वीकृत सम्बन्धमा | |
| १३. | "घ" वर्गको इजाजत पत्रको ठेगाना संशोधन सम्बन्धमा । | |
| १४. | सुविस्ताको आधारमा खरिद योजना अन्त्य गर्ने सम्बन्धमा । | |
| १५. | सूत्र राजश्व प्रणालीमा भएको बक्यौता हटाउने सम्बन्धमा । | |